सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार


# एचपिभी खोप लगाऔं

मानव पेपिलोमाभाइरस (एचपिभी) खोप पाठेघरको क्यान्सर रोकथामका लागि प्रभावकारी उपाय हो। नेपालमा महिलाहरूमा हुने क्यान्सरमध्ये पाठेघरको क्यान्सर प्रमुख कारण हो, जसले हरेक वर्ष सयौं महिलाको ज्यान लिन्छ। यस्तो गम्भीर रोगको रोकथामका लागि सरकारले किशोरीहरूलाई निःशुल्क एचपिभी खोप दिन थालेको सकारात्मक पहल हो।

यहि माघ २२-२५ गते सम्म विद्यालय बाहिरका ९–१४ वर्ष उमेर समूहका किशोरीहरूलाई र विद्यालयमा अध्ययनरत कक्षा-६-१० सम्म अध्ययन गर्ने किशोरीलाई खोप लगाइदै छ। उक्त मितिमा हरेक कक्षा-६-१२ सम्म पठनपाठन हुने विद्यालयलाई खोप केन्द बनाइएको छ। उक्त खोप केन्द्रबाट ढुक्क भएर एचपिभी खोप लगाऔं र पाठेघर मुखको क्यान्सर हुनबाट सुरक्षित बऔं।

यो खोप ९० प्रतिशतभन्दा बढी प्रभावकारी मानिन्छ। अन्य देशहरूमा पनि एचपिभी खोप अनिवार्य गरिसकिएको छ, जसका कारण पाठेघरको क्यान्सरको घटनामा उल्लेखनीय गिरावट आएको छ। नेपालमा खोप कार्यक्रम प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि गर्न आवश्यक छ।

कतिपय अभिभावक र किशोरीहरूमा अझै पनि खोपबारे भ्रम छ। खोपको सुरक्षाका विषयमा वैज्ञानिक प्रमाणहरूले यसलाई पूर्ण रूपमा सुरक्षित भनेका छन्। त्यसैले, समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्दै खोपको पहुँचलाई विस्तार गर्नुपर्छ।

एचपिभी खोप पाठेघरको क्यान्सरविरुद्धको महत्वपूर्ण कवच हो। स्वास्थ्य मन्त्रालय, स्थानीय सरकार, अभिभावक, शिक्षक, तथा नागरिक समाज सबैले यसलाई सफल बनाउन हातेमालो गर्नुपर्छ। सुरक्षित भविष्यका लागि सबै योग्य किशोरीलाई एचपिभी खोप लगाऔं।




प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लम्बिनी प्रदेश नेपाल

भूमे साप्ताहिक २
खेलकुद
वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार

# भूमेको छैटौँ राष्ट्रपति रनिङ शिल्डको च्याम्पियन मावि महत



❖साप्ताहिक समचारदाता

रुकुमपूर्वको भूमे गाउँपालिका स्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्डको च्याम्पियन अर्थात् विजेता भूमे–६ मा रहेको जनजागृति माध्यमिक विद्यालय महत भएको छ। माघ १५ देखि १८ गते सम्म भूमे–१ सिद्धचउर मावि लुकुममा सञ्चालन भएको भूमेको छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मावि महत प्रथम भएको हो।

प्रथम हुने मावि महतले १७ स्वर्ण ३ रजत र ३ कांस्य पदक प्राप्त गरेको छ। मावि महतले प्रथम स्थान हासिल गर्दै शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको हो।

दोस्रो हुने भूमे–४ मा रहेको जनशक्ति माध्यमिक विद्यालय काँडाले ६ स्वर्ण, ६ रजत र ६ कांस्य पदक प्राप्त गरेको गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका सहायक टेकबहादुर बुढाथोकीले जानकारी दिनुभयो। २ स्वर्ण, ८ रजत र ३ कांस्य प्राप्त गर्दै भूमे–९ चुनबाङमा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तेस्रो हुँदा भूमे–३ मा रहेको शहिद शुक्र माध्यमिक विद्यालय सिमाले २ स्वर्ण, ५ रजत र ५ कांस्य पदक प्राप्त गर्दै सान्त्वना भएको बुढाथोकीले बताउनुभयो।

यसैगरी सरस्वती मावि भूमे–८ सिमखोलाले २ स्वर्ण, १ रजत र ४ कांस्य, त्रिवेणी मावि भूमे– २ काँक्रीले २ स्वर्ण, १ रजत र ४ कांस्य, भूमे–८ मावि कुचिबाङले १ स्वर्ण, २ रजत र ४ कांस्य प्राप्त गर्दा भूमे–१ सिद्धचउर मावि लुकुमले ३ रजत र ३ कांस्य र भूमे–२ त्रिभुवन मावि खाबाङले कुनै पनि पदक प्राप्त गर्न नसकेको खेल संयोजक चन्द्र रसाइलीले जानकारी दिनुभयो। भूमेमा ९ वटा मावि रहेको छ। ९ वटै माविले शिल्डको प्रतिस्पर्धा गरेका हुन्। उक्त रनिङ शिल्ड प्रतियोगिताको समापन समारोहमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकले खेल हार र जित भन्दा पनि आफ्नो सीप प्रदर्शन गर्ने भएकाले गाउँपालिकाले राम्रो खेलाडी छनोट गरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी बनाउने बताउनुभयो।

भूमे साप्ताहिक ३
खेलकुद

वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार

# रुकुमपूर्वमा पहिलो पटक क्रिकेट खेल सञ्चालन



❖ **बालाराम शेर्पाली**

हिमाली जिल्ला रुकुमपूर्वमा क्रिकेट खेलको उत्साह देखिएको छ। भूमे गाउँपालिकाको आयोजनामा अन्तरपालिका स्तरीय मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता भूमे–६ बृहत् रंगशालामा माघ १६ र १७ सम्म सञ्चालन भएको थियो। जिल्लामै यो पहिलो पटक क्रिकेट खेल सञ्चालन गरिएको हो।

रुकुमपूर्वका पुथाउत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकासँगै छिमेकी जिल्ला रोल्पाको थबाङ गाउँपालिका सहित ४ गाउँपालिकाको मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा पुथाउत्तरगंगा गाउँपालिकाले सिस्ने गाउँपालिकालाई ९५ रनले हराउँदै प्रथम भएको हो। दुई दिन सम्म सञ्चालन गरिएको प्रतियोगितामा २० ओभरको फाइनल खेलमा पुथाउत्तरगंगा गाउँपालिकाले टस जितेर ब्याटिङ रोजेको थियो। भने १ सय ९६ रनको लक्ष्य लिएको सो गाउँपालिकालाई जवाफी ब्याटिङमा सिस्ने गाउँपालिका १ सय रनमा अल आउट हुनु परेको थियो। खेलमा पुथाउत्तरगंगाका ऋतेज बुढाथोकीले १ सय १ रनको सेन्चुरी मार्नु भएको थियो। सो खेलमा ३ विकेट लिएर उत्कृष्ट खेल

प्रदर्शन समेत गर्नु भएको थियो। खेलमा ४ समूहले प्रतिस्पर्धा गर्दा भूमे गाउँपालिकाले तेस्रो स्थानमा चित्त बुझाएको हो। कर्मचारीहरुका सम्बन्ध प्रगाढ बनाउन र आफुहरुमा भएको ज्ञान, सीप र क्षमता साटासाट गर्न गाउँपालिका बिच मैत्रीमूर्ण खेलको आयोजना गरिएको भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले जानकारी दिनुभयो। कार्यक्रममा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले विजयी भएका खेलाडीलाई बधाई दिदैं अब रुकुमपूर्वमा पनि क्रिकेटर खेलाडीको जन्म हुने बताउनुभयो। रुकुमपूर्वको विकट र दुर्गम हिमाली भेगमा क्रिकेट खेल सुरु हुनु भनेको भविष्यमा युवाहरुले रुकुमका युवाहरुले देश तथा विदेशमा रुकुमपूर्वलाई चिनाउन सक्ने बताउनुभयो।

# रुकुमपूर्वका तीन हजार किशोरीलाई ‘एचपीभी’ खोप लगाइँदै




पाठेघर मुखको क्यान्सर रोकथामका लागि रुकुमपूर्वका करिब तीन हजार किशोरीलाई ‘एचपीभी’ खोप लगाइँदै छ। सिस्ने गाउँपालिकामा एक हजार एक सय १० जना, भूमे गाउँपालिकामा नौ सय १७ जना र पुथाउत्तरगङ्गा गाउँपालिकामा नौ सय ४६ जना गरी दुई हजार नौ सय ७३ जना किशोरीलाई एचपीभी खोप लगाइने भएको हो। यही माघ २२ देखि २५ गते सम्म खोप अभियान सञ्चालन हुनेछ। खोप केन्द्र प्रत्येक कक्षा–६ देखि १२ सम्म पठनपाठन हुने विद्यालयलाई बनाइएको छ। जसमा सिस्नेमा १८, भूमेमा १९ र पुथाउत्तरगङ्गामा १८ गरी ५५ वटा खोप केन्द्रबाट जिल्लाका किशोरीलाई एचपीभी खोप लगाइने स्वास्थ्य कार्यालय रुकुमपूर्वले जनाएको छ।

खोप अभियान अन्तर्गत विद्यालयमै पुगेर कक्षा–६ देखि १० सम्म अध्ययनरत किशोरीलाई उक्त खोप लगाइदिने स्वास्थ्य कार्यालयका प्रमुख पुस्कल श्रेष्ठले जानकारी दिनुभयो।

भने विद्यालय बाहिरका १० देखि १४ वर्षमुनिका किशोरीलाई पनि खोप लगाइने श्रेष्ठले बताउनुभयो। खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य कार्यालयले पालिकागतका स्वास्थ्यकर्मी, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकालाई समेत तालिम दिइएको उहाँले बताउनुभयो। पाठेघर मुखको क्यान्सरबाट बच्न खोप अभियान सञ्चालनका क्रममा प्रत्येक किशोरीले एचपीभी खोप ढुक्क भएर लगाउन स्वास्थ्य कार्यालय रुकुमपूर्वले अनुरोध गरेको छ।

# भूमे–१ वडा भवन निर्माण कार्य अन्तिम चरणमा



रुकुमपूर्व भूमे गाउँपालिका–१ वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। मध्यपहाडी लोकमार्गको छेउमा निर्माण भइरहेको वडा कार्यालयको भवन आकर्षक देखिएको छ। भूमे गाउँपालिका–१ लुकुममा २ आर्थिक वर्षको बजेटले वडाको प्रशासनिक भवन निर्माण काम अन्तिम चरणमा पुगेको हो। मध्यपहाडी लोकमार्गको छेउमा रहेको करिब ३ रोपनी क्षेत्रफलमा रहेको जग्गामा वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको वडाध्यक्ष मनकाजी पुन मगरले जानकारी दिनुभयो। ९ वटा वडा रहेको भूमेका वडा कार्यालय हाल कुनै भाडाको घरमा, कुनै सार्वजनिक भवन र कुनै साविकको गाविस भवनबाट सेवा प्रवाह भइरहेको छ।

भूमे गाउँपालिकाले क्रमशः वडाको प्रशासनिक भवन बनाउनका लागि जग्गा व्यवस्थापन भइरहेको र सरकारबाट समेत क्रमिक रुपले भवन निर्माणका लागि बजेट विनियोजन भइरहेको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको देख्दा स्थानीय नागरिक उत्साहित भएका छन्। अबको केही समयपछि देखि नयाँ भवनबाट सेवा सञ्चालन गरिदै छ।

भूमे सासाहिक ६
समाचार
वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार

# जीवन आहूति दिने शहीदहरुलाई सम्झदै रुकुमपूर्वमा दिवस मनाइयो



❖ *सासाहिक समाचारदाता*

रुकुमपूर्वमा शहीद दिवस मनाइएको छ। आज बुधबार सिस्ने गाउँपालिका –५ रुकुमकोट स्थित जिल्ला ट्राफिक कार्यालयको अगाडि रहेको शहीद स्मारकमा एक कार्यक्रम आयोजना गरी शहीद दिवस मनाइएको हो। शहीद स्मारकमा निर्माण गरिएको शहीदको सालिकमा माल्यार्पणका साथै कोण सभा गरी शहीद दिवस मनाइएको हो। जिल्ला समन्वय समिति रुकुमपूर्वका उपप्रमुख मोहनबहादुर केसी, भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मी यसैगरी निमित्त जिल्ला समन्वय अधिकारी रविन्द्र बुढाक्षेत्री, सहायक प्रमुख जिल्ला अधिकारी जीवनकुमार

भूमे सासाहिक ७
समाचार
वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार



खड्का, जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी माधवराज खरेल, सशस्त्र प्रहरीका प्रमुख डीएसपी विकासभक्त श्रेष्ठ लगायत जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिले शहीद स्मारकमा निर्माण गरिएका **शहीद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दको** सालिकमा माल्यार्पण गर्नु भएको थियो।

देश र जनताका मुक्तिका निम्ति आफ्नो जीनन बलिदान दिनु हुने महान शहीदका कारण देशमा परिवर्तन आएको जिल्ला समन्वय समितिका उपप्रमुख मोहनबहादुर केसीले बताउनुभयो।

शहीदले देखाउनु भएको मार्गदर्शन अनुसार सबै निकाय सधैंव इमान्दारका साथ देश र जनता प्रति समर्पित भइ काम गर्नु पर्ने केसीको भनाइ रहेको छ।

नागरिकको हकअधिकार र स्वतन्त्रताका लागि जीवन आहूति दिनेहरूको सम्मानमा आज शहीद दिवस मनाइको हो। इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतको सम्मानमा विविध कार्यक्रमका साथ देशभर शहीद दिवस मनाइन्छ।

प्रजातन्त्र, नागरिक अधिकार र स्वतन्त्रताको माग गर्दा शहीद शुक्रराज शास्त्रीलाई १९९७ माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा र माघ १३ गते धर्मभक्त माथेमालाई मृत्युदण्ड दिइएको थियो।

यस्तै गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएका थिए। २०१२ सालदेखि नै तत्कालीन काठमाडौं नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते शहीद दिवस मनाउन थालिएको हो। **अचेल माघ १० देखि १६ सम्म शहीद सप्ताह मनाउने गरिएको छ।**

भूमे साप्ताहिक विज्ञान ८

वर्ष ६ अङ्क २७ २०८१ माघ २१ आईतबार

# साप्ताहिक लोक सेवा विशेष वस्तुगत प्रश्नोत्तर

**१ लैङ्गिक हिंसामा परेका महिला र किशोरीलाई सुरक्षित रूपमा राख्न 'मङ्गला सहाना पुनर्स्थापना केन्द्रको स्थापना कहाँ गरिने भएको छ ?**

- सूर्यविनायक–८, भक्तपुर मङ्गलादेवी सिंह र सहाना प्रधान दुवै नेपाली राजनीतिका शिखर व्यक्तित्वका नाममा सरकारले पुनस्र्थापना केन्द्र स्थापना गर्न लागेको।

**२ 'सहायता वित्त पोषण' अन्तर्गत 'अनुदान' र 'सहुलियत ऋण' को विकल्प खुला राखी 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड को–अपरेसन' मा नेपाल र चीनबिच कहिले हस्ताक्षर भएको हो?**

- विसं २०८१ मङ्सिर १९ (सन् २०२४ डिसेम्बर ४)मा

**३ सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल–तानसेन सडकखण्डमा पर्ने सिद्धबाबा सुरुङको ब्रेक थ्रु कहिले भएको हो ?**

- विसं २०८१ माघ ११

**४ युरोप तथा अमेरिकी क्षेत्रबाहिर आयोजित पहिलो विश्वकप फुटबल कुन हो ?**

- १७ औं विश्वकप–२००२ (जापान र दक्षिण कोरियामा संयुक्त रूपमा)

**५ चीन र भारतबिच निर्धारण गरिएको सीमा रेखालाई के भनी चिनिन्छ ?**

- मेक मोहन लाइन सन् १९१४ मा निर्धारण गरिएको ५५० माइल लामो यो सीमा रेखालाई चीनले अस्वीकार गर्दै आएको।

**६ सिंहदरबारलाई नेपाल सरकारको कार्यालयका रूपमा कहिलेदेखि प्रयोग गर्न थालिएको हो ?**

- विसं २००७

**७ विदेशबाट प्रकाशित हुने नेपाली भाषाको पहिलो पत्रिका कुन हो ?**

- गोरखाभारत जीवन –नेपालमा नै छापिएर प्रकाशित (विसं १९५५) पहिलो पत्रिका सुधासागर हो।–नेपालको पहिलो मासिक पत्रिका सुधासागर हो।–नेपालको पहिलो साप्ताहिक गोरखापत्र हो।

भूमे साप्ताहिक
कुराकानी ९

वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार




# रुकुमपूर्वमा ब्लड बैंक नहुँदा सेवा प्रवाहमा चुनौति व्यहोर्नु परेको छ।भने दक्ष चिकित्सक हुँदा हुदै पनि बाहिर जिल्लामा रिफर गर्न बाध्य छौं : प्रमुख श्रेष्ठ

*स्वास्थ्य कार्यालय रुकुमपूर्वका प्रमुख पुस्कल श्रेष्ठ हुहुन्नछ।*

**विकट र दुर्गम हिमाली जिल्ला रुकुम पुर्वीभागमा स्वास्थ्य सेवाको स्थिति कस्तो छ ?**

रुकुम पूर्व नँया जिल्लाको रुपमा स्थापना भएको हिमाली जिल्लामा स्वास्थ्य सेवाहरुको पहुँच र गुणस्तर स्वास्थ्य सेवामा केहि चुनौतीहरु धेरै रहेका छन।लुम्विनी प्रदेशको हिमाली जिल्ला थोरै जनसंख्या भएको जिल्ला तीन वटा स्थानीय तह रहेको र स्थानीय जनतालाई नजिकबाट स्वास्थ्य सेवा प्रबाह गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको छ।स्वास्थ्य सेवाको अवस्था भन्नु पर्दा संघीयता पछि स्थानीय सरकारबाट गुणस्तर सेवा प्रबाह गर्न स्वास्थ्य सेवाको पँहुच अभिबृद्धि गर्न र आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न साथै प्रदेश स्वास्थ्य मन्त्रालयबाट स्वास्थ्य सेवाहरुको सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।नागरिकको घरैमा पुगेर जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम, किशोरीहरुमा रक्त अल्पता अवस्था बारे रक्त परीक्षण कार्यक्रम र मोबाईल स्वास्थ्य कार्यक्रम समते गरिएकझो छ।

**हिमाली जिल्ला रुकुम पूर्वीभागका प्रमुख स्वास्थ्य चुनौतीहरु के छन् ?**

अन्य जिल्लाहरुको जस्तै स्वास्थ्य क्षेत्रमा पनि यस जिल्लामा थुप्रै स्वास्थ्य चुनौतीहरु छन्।सर्ने रोगहरुको विस्तारै घट्दो अवस्थामा रहेको छ भने

नसर्ने रोग उकालो चढ्दै छ। ब्लड प्रेसर, क्यान्सर, मुटुको रोग, सुगर मृगौलाको रोग यी रोगका कारण बर्सौनी धेरै नागरिकले ज्यान गुमाउनु परेको छ भने करोडौ रकम उपचारका लागि खर्च गर्नु पर्दा घरबार विहिन हुनु पर्ने अवस्थामा समेत सृजना भएको छ।

आहार विहारमा ध्यान दिने धुम्रपान, मध्यपान नगर्ने, नुनको मात्रा कम गर्ने सहिमात्रामा खाने। जसको उदाहरण

- **दक्ष जनशक्तिको अभाव।**
- **भौतिक पुर्वाधारको अभाव।**
- **दुर्गम भेगमा यातायातको समस्या।**
- **जनचेतनाको कमी।**
- **आर्थिक विपन्नता।**

## जिल्लामा नयाँ स्वास्थ्य सेवा विस्तारका पहलहरु के के छन् ?

रुकुमपूर्व जिल्लाको ३ नै वटा स्थानीय तहमा आधारभूत अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ। स्वास्थ्य सेवाको पहुँच नपुगेको स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना भै सेवा प्रवाह भइरहरेको छ। स्थानीय तहबाट स्वास्थ्य संस्थामा नै सुरक्षित प्रशुती सेवा लिए बापत विभिन्न प्रोत्साहन कार्यक्रम दिएको छ।

सामुदायिक महिला स्वास्थ्य स्वयंमसेविकाहरुबाट सेवा अझ गुणस्तर बनाउन मोबाइल स्वास्थ्य कार्यक्रम सञ्चालन भएको छ भने आमा सुरक्षा कार्यक्रम अन्तर्गत नि;शुल्क एम्बुलेन्स सेवा समेत रहेको छ। स्थानीय स्तरमा रहेको **NGO/INGO** बाट समेत गुणस्तर स्वास्थ्य सेवा विस्तार गर्नेमा महत्व पुर्ण भुमिका रहेको छ।

## अस्पताल तथा स्वास्थ्य चौकीमा पूर्वाधार र जनशक्ति पर्याप्त छन् कि छैनन् ?

प्रदेश स्तरिय ५० शैया अस्पताल रहेको छ। हाल स्वास्थ्य चौकी भवनबाट दैनिक स्वास्थ्य सेवा प्रबाह भैरहेको, अस्पतालको आफ्नै भबन अझै तयार हुन सकेको छैन भने स्थानीय तहमा स्वास्थ्य चौकी नेपाल सरकारको मापदण्ड अनुसार भवन छैन।

स्पतालमा विशेषज्ञ चिकित्सकको दरबन्दी रित्त नै छ। पुथा उत्तरगंगा गाउँपालिका कोलमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा दरबन्दी छ चिकित्सक छैन तसर्थ स्वास्थ्य विमा समेत प्रभावित भएको छ।

आ.ब.०८१/०८२ देखि प्रदेश स्वास्थ्य मन्त्रालयको पहलमा रुकुमकोट अस्पतालमा एआरटि सेवा, दन्त सेवा, फिजियोथेरापी सेवा सुचार भएका छन्।

भूमे साप्ताहिक
कुराकानी
११
वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार

## जिल्लामा ब्लड बैंक नहुँदा समस्या देखिएको छ? यसको समाधान के छ ?

अस्पतालमा ब्लड बैंक नहुँदा अस्पतालले सेवा प्रबाह गर्न चुनौति व्यहोर्नु परेको छ।गर्भवती महिला अस्पतालमा सुत्केरी हुँदा रगतको अभावको कारण अस्पतालमा नै अप्रेशन गरि सुत्केरी सेवा दिन सक्ने दक्ष चिकित्सक हुँदा हुदै पनि बाहिर जिल्लामा रिफर गर्न बाध्य हुनु पर्ने अवस्था रहेको छ।ब्लड बैंक स्थापना गर्न सबै सरोकारवालाहरुमा अनुरोध छ।

## जिल्लामा संक्रामक रोगहरुको अवस्था कस्तो छ ? विभिन्न सरुवा रोगहरु सर्न नदिन कस्तो कदम चाल्नु भएको छ ?

हाल जिल्लामा संक्रामक रोगको अवस्था नियन्त्रणमा नै छ।समुदाय स्तरमा कुनै संक्रमण फैलिएको छैन फैलियो भने तत्काल स्थानीय स्वास्थ्य संस्थाबाट उपचारको व्यवस्थापन हुने रपालिका स्वास्थ्य शाखा र स्वास्थ्य कार्यालयबाट आबश्यक सर्भिलेन्सका लागि DRRT टोली परिचालन हुने संयन्त्र समेत तयारी अवस्थामा रहेको छ।

## बालबालिका र मातृ स्वास्थ्यका लागि कुन कुन कार्यक्रम प्रभाबकारी भइरहेको छ ?

स्थानीय तहमा प्रत्येक गर्भवती महिलाले सुरक्षित र गुणस्तरीय प्रशुती सेवा उपलब्ध गर्न सकुन भन्ने हेतुले बडा स्तरमा बर्थिङ्ग सेन्टर स्थापना भएको छ।दक्ष प्रसुति कर्मीबाट सेवा प्रबाह भएको छ।

संघीय सरकारबाट प्रोटोकल अनुसार गर्भ जाँच र स्वास्थ्य संस्थामा नै सुत्केरी भए बापत यातयात रकम र गर्भ जाँच उत्प्रेरणा रकम तुरुन्तै नगद उपलब्ध गराउने व्यवस्था रहेको छ।स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेको अवस्थामा नि;शुल्क एम्बुलेन्सबाट प्रेषण प्रणालि समेत छ।

स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिला र कुरुवालाई समेत कुरुवा घर र भान्छा कोठाको समेत स्थानीय तहबाट व्यवस्थापन भएको छ।जन्मेको २ महिना सम्म र ५९ महिना सम्मका नवजात शिशु र बालबालिकामा देखिने संक्रमण रोगको पहिचान गरि उपचार गर्न स्वास्थ्यकर्मीहरुलाई IMNCI तालिम दिएको छ।

६/६ महिनामा ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुका लागि भिटामिन ए र १ बर्ष देखि ५ बर्ष सम्मका बालबालिकालाई जुकाको औषधी समेत खुवाई रहेको छ।आमा तथा नवजात सुरक्षा कार्यक्रम प्राथमिता प्राप्त कार्यक्रम रहेको छ।

वर्ष ६ अङ्क २७ २०८१ माघ २१
आईतबार




**स्वास्थ्य कार्यालयको वार्षिक बजेट कति हो, र यसको प्राथमिकता क्षेत्रहरु के के हुन ?**

स्वास्थ्य कार्यालयको बार्षिक बजेट संघिय शसर्त बजेट र प्रदेश सरकारबाट बजेट प्राप्त भएको हुन्छ। कर्मचारीहरुको लागि तलब भत्ता र तोकिएको शिर्षक अनुसार स्थानीय तहसंगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने।

स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि हुने तालिम, गोष्ठी, कार्यालयको आफ्नै घर नभएको हुँदा घरभाडा, राष्ट्रिय अभियान जस्तै दादुरा रुबेला खोप अभियान, पोलियो खोप अभियान र HPV खोप अभियान र नियमित खोप कार्यक्रमका लागि आबश्यक भ्याक्सिन प्रदेशबाट र स्थानीय तहमा र वडा स्वास्थ्य संस्था सम्म ढुवानी गर्नु पर्ने हुन्छ।

**ग्रामीण भेगका जनताले स्वास्थ्य सेवामा सहज पहुँच पाएका छन् कि छैनन् ?**

भौगोलिक विकटता यातायात पहुँचको अभावको कारण पक्कै पनि दुर दराजमा भएका जनताले सर्बसुलभ स्वास्थ्य सेवा प्राप्त गर्न सकेका छैनन्। स्थानीय पालिका स्वास्थ्य शाखाबाट स्वास्थ्य सेवाको प्रबाह सेवाको पहुँच बृद्धि गर्न आधारभुत अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र नेपाल सरकारको माप दण्ड अनुसार स्थापना भएता पनि सेवाको पहूँच नपुगेको वडा बस्तीहरुमा स्थानीय तहबाट सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेर सेवाको सहज पहुँच बृद्धि गर्न पहल भएका छन् र स्वास्थ्य कार्यालयले प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, तालिम केन्द्र, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालय र केन्द्र संग समन्वग गरि आबश्यक उपकरण औषधी र तालिमको व्यवस्थापन गर्दै आएका छौं।

**स्वास्थ्य सेवामा समुदायको सहभागीता बढाउन के कस्ता उपाय अपनाइएका छन् ?**

२० बर्ष भन्दा कम उमेर र सोभन्दा

## माथीका सुत्केरीहरुको अबस्था कस्तो रहेको छ ?

स्वास्थ्य सेवामा समुदायको सहभागीता बढाउन सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम प्रभाबकारी रुपमा सञ्चालन गर्नु पर्दछ।स्थानीय तहको पदाधिकारीहरुबाट समय समयमा अनुगमन तथा कर्मचारीहरुमा उत्प्रेरणा कार्यक्रम हुनु पर्ने।

विद्यालयमा स्वास्थ्य शिक्षा स्थानीय स्वयम सेबक परिचालन बस्ती र बडा स्तरबाट आबश्यकताको आधारमा बजेट तयार गर्न सकेको अवस्थामा समुदायको

सहभागीता अझ बढी गर्न सकिन्छ।भौगोलिक सास्कृतिक रीतिरीवाज परम्पराको कारणबाट रुकुम पुर्वीभागमा बालविबाह बढिनै छ।

गत बर्ष ०८०/ ०८१ मा प्रदेश भरी नै उच्च रहेको घरमा सुत्केरी हुन महिलाको संख्या ११९ जना रहेको थियो। संस्थागत सुत्केरी जिल्लामा ७२ % सुत्केरी पश्चात चार पटक सुत्केरी जाँच गर्नेको संख्या जम्मा ५९ % छ।यस जिल्लामा ०८०/ ०८१ मा १ जना आमाले ज्यान गुमाएका थिए भने लुम्विनी प्रदेशमा मातृ मृत्य दर २०७ रहेको छ।बालविबाह न्यूनिकरण गर्न पुथा उत्तर गंगा गाउँपालिकाबाट आयोजना भएको सचेतना कार्यक्रम किशोरी भेलालाई निरन्तरता दिनु पर्दछ।

विबाह बारी २० वर्ष पारी भन्ने नारालाई आत्मसाथ गर्न सवै सरोकारवावाहरुले मनन् गर्ने र विद्यालयमा अध्ययन गर्ने छोराछोरीहरुको भुमिका के कस्तो छ अभिभाबकले समय समयमा विद्यालयमा भौतिक उपस्थित जनाई शिक्षकहरुसंग जानकारी लिन आबश्यक देखिन्छ।

## अन्त्यमा केही भन्नु छ?

समय समयमा पत्रकारज्यूहरुबाट स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्रबाहको अवस्था, सुशासन र गुणस्तर स्वास्थ्य सेवा प्रबाहमा कर्मचारीहरु तथा आम सेवा ग्राहीहरुमा सकारात्मक शन्देस प्रबाह गर्न पृष्ठ पोषण दिन आबश्यक देखिन्छ।गत आ.व.मा स्वास्थ्य कार्यक्रमको प्रदेश स्तरिय बार्षिक कार्यक्रममा मूल्याङ्कनको आधारमा स्वास्थ्य कार्यालय रुकुम पुर्वीभाग ५ औं स्थानमा आउन सफल भएका थियौं।

स्थानीय तहको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि अनुसार स्वास्थ्य कार्यालयबाट समन्वयको भुमिका रहेको छ भने सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहबाटै हुने व्यवस्था रहेको छ।

# कृषि, किसान र जलवायु परिवर्तन



वर्तमानमा कृषि, किसान र जलवायु परिवर्तन संसारभर सबैभन्दा ठूलो चासोको विषय हो। अहिले विश्वभर करिब एक अर्ब मानिस क्रोनिकल हंगर (गम्भीर भोकमरी) बाट गुज्रिरहेका छन्। नेपाल कृषिप्रधान देश भनिए पनि हरेक वर्ष खाद्यान्नमा परनिर्भरता बढ्दै छ। यहाँ वार्षिक ३० अर्बभन्दा बढीको चामल आयात हुने गरेको छ। हामी नेपाली किन यस्तो संकटतिर धकेलिँदै छौं भन्नेमा गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ। यो समस्यालाई एउटा कोणबाट मात्र होइन, समग्रतामा हेर्न आवश्यक छ। नेपालको कृषिक्षेत्र पछिल्लो करिब तीन दशकमा क्रमशः ओह्रालो लाग्दै गएको छ। सरकारले एपिपी (एग्रिकल्चर प्रस्पेक्टिभ प्लान) भनेर २० वर्षको कार्ययोजना ल्यायो तर त्यसअनुसार काम हुन नसक्दा कृषि क्षेत्र झन्–झन् ओरालो लाग्दै गयो।

हामीकहाँ कृषि सम्मानित पेसाका रूपमा विकसित हुन सकेन। राज्य र समाज दुवैले कृषिलाई सम्मानित पेसा मानेनन्। युवाहरू कृषि पेसामा आकर्षित हुन सकेनन्। खेतबारी नहुनेहरू त खाडी मुलुक जाने नै भए, हुनेहरू पनि बसेनन्। आफ्नो खेतबारी छाडेर, ऋण काढेर सस्तोमा श्रम बेच्न बिदेसिए। यसरी विदेश जानेका परिवारले भएको खेतबारीमा उब्जाएर नभई रेमिट्यान्सले अन्न किनेर खान थाले। कृषिक्षेत्र राज्यको प्राथमिकता र सम्मानको पेसामा पर्न सकेको छैन। खासगरी सन् १९९० पछि तीन दशकमा वैश्वीकरण, उदारीकरण र निजीकरण तीव्र रूपमा फैलियो। विश्व व्यापार संगठन (डब्ल्युटिओ) को सदस्य भएपछि नेपालमा खाद्यान्न आयात ह्वात्तै बढ्यो, हाम्रो पैसा ठूलो परिमाणमा बाहिर जान थाल्यो। मुलुकको स्वाधीनता र सार्वभौमिकता खाद्य सम्प्रभुता अर्थात् खाद्य सार्वभौमिकतासँग जोडिएको हुन्छ। यसैकारण नेपालको संविधान (२०७२) ले ‘प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने, खाद्यवस्तुको

अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने' मैलिक हकको व्यवस्था गरेको छ।नागरिकको यस्तो हक सुरक्षित गर्न राजनीतिक प्रतिबद्धता त भयो, तर आवश्यक काम हुन सकेन।

हामीले 'एग्रिकल्चर डिभलपमन्ट स्ट्राटजी (कृषि विकास रणनीति)' बनायौं।यसले मूल रूपमा कृषिको यान्त्रीकीकरण, व्यावसायीकरण, सुलभ कर्जा प्रवाह र प्रविधि आयातको नीति लियो।

यसै आधारमा केही कार्यक्रम सुरु पनि गरिए।प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम यसै रणनीतिअन्तर्गतको हो।तैपनि, हामीले कृषिमा प्रगतिको बाटो समाउन सकेनौं, ओह्रालो लागिरह्यौं।यसो हुनुको मुख्य कारण कृषि पेसामा युवा वर्गको अनाकर्षण नै हो।कृषिमा रहेका केही युवामा पनि आधुनिक प्रविधिको ज्ञान छैन। कृषिमा परम्परागत प्रणाली नै चल्तीमा छ, आधुनिक प्रणाली नगण्य छ। कृषकलाई माटो, पानी, मल, बिउ, बजार, भण्डारण, आदिको ज्ञान दिनु जरुरी छ। कृषि क्षेत्रको समुन्नतिका लागि आजका युवा किसानलाई कस्तो ज्ञान, सीप र प्रविधि दिने हो, त्यसतर्फ राज्यको ध्यान जानुपर्छ।

विश्वव्यापी बजारीकरण अर्थात् वैश्वीकरण, उदारीकरण र निजीकरणको प्रभावका कारण कृषिमा आधारित हाम्रा कतिपय उद्योग बन्द भए। कृषि औजार कारखाना, वीरगन्ज चिनी कारखाना, भृकुटी कागज कारखाना वैश्वीकरणको नकारात्मक प्रभावका उदाहरण हुन्।उद्योग बन्द हुँदा कृषकलाई मार पऱ्यो, आयात बढ्यो।अर्को ठूलो र विश्वव्यापी समस्या जलवायु परिवर्तन हो।यसको असर सीधै कृषि प्रणालीमा परेको छ।जलवायु परिवर्तनले हामी नेपालीलाई पनि नदेखिने तर निकै गहिरो चोट पुऱ्याउन थालेको छ।विश्वव्यापी रूपमा 'लस एन्ड डयामेज' बढ्न थालेको छ।वर्षाको चक्र र अनुपातमा गम्भीर असर देखिन थालेको छ। यसले असमयमा बाढी, पहिरो, डुबानजस्ता समस्या सिर्जना गर्न थालेको छ।यसपालि गत कात्तिकमा नेपालमा भएको भारी वर्षा यसको एउटा संकेत हो।अतिवृष्टि र अनावृष्टि दुवैको असर देखिन थालेको छ।यी दुवै कारणले खाद्यान्न उत्पादन घटेको छ।

जलवायु परिवर्तनको असरका रूपमा ग्लोबल वार्मिङ (विश्वव्यापी तातोपना) बढेको छ।हरितगृह ग्यासको परिमाण बढ्दो छ।वैज्ञानिकका अनुसार वायु प्रदूषणका कारण विश्वव्यापी रूपमा कृषि उत्पादनमा कम्तीमा तीन प्रतिशतले ह्रास आएको छ।नेपाली किसानमा जलवायु परिवर्तनबारे केही ज्ञान, केही अल्पज्ञान र केही अज्ञानता छ।त्यसैले पनि नेपाली कृषकलाई जलवायु परिवर्तन र यसका प्रभावबारे उचित ज्ञान दिन आवश्यक छ।यसमा हामीले 'अबको कृषि स्मार्ट कृषि' भनेका छौं।अब हामीले 'एग्रो इकोलजी'को विकास गर्नुपर्छ।

किसानमा कृषि प्रणालीबारे पारम्परिक ज्ञान थियो । उनीहरू पानी पर्ने समय, सुक्खा समय र मौसमको ठीक–ठीक अनुमान गरेर खेती गर्थे। जलवायु परिवर्तनले यो ज्ञानमा क्षति पु¥याएको छ। एकातिर अहिलेका युवा किसानमा परम्परागत ज्ञानको अभाव छ, अर्कोतिर त्यसले काम पनि गर्न छाडेको । अब उनीहरूलाई बदलिँदो प्राकृतिक परिवेशअनुकूल आधुनिक कृषिज्ञान दिन आवश्यक छ ।

कृषकका लागि 'एग्रो बेस्ड एड्भाइजरी' विकास गर्न आवश्यक छ । जलवायु परिवर्तनले ल्याउन थालेको विपत् र परिवर्तनअनुकूल कृषिप्रणालीबारे ज्ञान दिन आवश्यक छ । यसपालि बेमौसमी वर्षाका कारण धानबालीमा ठूलो क्षति भयो। कृषकले त्यस्तो वर्षाको सम्भावनाबारे जानकारी पाउन सकेनन्। जानकारी पाएकै भए पनि पाकेको धान फटाफट उठाएर सुरक्षित गर्ने प्रविधि थिएन। तैपनि, वर्षाको सम्भावनाबारे जानकारी दिन सकेको भए केही मात्रामा भए पनि क्षति न्यूनीकरण हुन सक्थ्यो।

अमेरिका र भारतको हरितक्रान्तिले प्रभावित भएर हामीले अनियन्त्रित परिमाणमा रासायनिक मल र कीटनाशक विषादी भित्र्यायौँ। रासायनिक मल र कीटनाशकको अवैज्ञानिक प्रयोगले माटाको गुणस्तर क्रमशः ह्रास हुँदै गयो। जमिन र पानीमा प्रदूषण बढ्यो। यसबाट कृषिका मित्रजीवहरूमा क्षति पुग्यो। खाद्यान्न प्रदूषित भय। बढ्दो वातावरणीय प्रदूषण र प्रदूषित खाद्यवस्तुका कारण मानिसको स्वास्थ्यमा नजानिँदो तरिकाले असर पर्न थाल्य। रासायनिक मल र कीटनाशकको अवैज्ञानिक प्रयोगले माटाको गुणस्तर क्रमशः ह्रास हुँदै गयो जमिन र पानीमा प्रदूषण बढ्य। यसबाट कृषिका मित्रजीवहरूमा क्षति पुग्योखाद्यान्न प्रदूषित भयो। हामी अग्र्यानिक खाद्यान्नको कुरा त गर्‍छौं, तर कम्पोस्ट मल प्रयोगले मात्रै बढ्दो जनसंख्याको खाद्यान्न आवश्यकता पूरा गर्दैन ।

कम्पोस्ट र रासायनिक दुवै मलको वैज्ञानिक प्रयोग बढाउन आवश्यक छ। कम्पोस्ट मल उत्पादन गर्ने प्रविधि घरघरमा पु¥याउनुपर्छ । मल, बिउ र कीटनाशकको वैज्ञानिक र प्रदूषणरहित प्रयोग बढाउन जनचेतना अभिवृद्धि अत्यावश्यक छ। विश्वव्यापी जलवायु परिवर्तनका कारण उत्पन्न समस्या, विपत् तथा क्षति न्यूनीकरण र नियन्त्रणका लागि यही नोभेम्बरमा बेलायतको ग्लास्गो सहरमा विश्वव्यापी जलवायु सम्मेलन (कोप–२६) भयो । सम्मेलनमा नेपालका तर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवाले सम्बोधन गर्नुभयो। उहाँले विश्वव्यापी जलवायु परिवर्तनबाट नेपालले झेल्नुपरेका समस्याबारे विश्व समुदायलाई अवगत गराउनुभयो। जलवायु परिवर्तन गराउनमा कुनै योगदान नभएको नेपालले आफूले भोग्नुपरेका समस्याबारे विश्व समुदायलाई विस्तृतमा जानकारी गराउन पाउनु राम्रो मौका हो।

जीवनका लागि अपरिहार्य र मुलुकको सार्वभौमिकतासँग जोडिएको खाद्यान्नको प्रश्नमा जुन स्तरमा चासो उठ्नुपर्थ्यो, त्यो हुन सकेको छैन। हामी आगामी दिनमा जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट कसरी बाँच्ने तथा उत्पादन ह्रास हुन नदिने र बढाउँदै जाने सम्बन्धमा नेपालका कृषि वैज्ञानिकले कृषकसँग सहकार्य गर्नुपर्छ। माटो, पानी, बिउ र मलको गुणस्तर र वैज्ञानिक

प्रयोग गराउन कृषकलाई तालिम दिनुपर्छ। यो वर्तमानको टड्कारो आवश्यकता हो कृषि उत्पादनमा संसारभरि हाइब्रिडको लहर छ। हाइब्रिड गर्नैहुन्न भन्ने होइन, तर हाइब्रिडको सीमा निश्चित हुन आवश्यक छ। हाइब्रिड बिउ किनेरै उत्पादन बढाउनेतिर गयौं भने हामी कहिल्यै नउक्सिने खाडलमा फस्छौं। हामी आफैंले हाइब्रिड बिउ उत्पादन गर्नुपर्छ। हाम्रो 'नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)' ले यो काम गर्न सक्छ। अलिकति बाढी र अलिकति खडेरीमा पनि उब्जनी दिन सक्ने बाली विकास गरेर बिउ उत्पादन गर्नुपर्छ मल, बिउ, कीटनाशक इत्यादि प्रकृतिअनुकूल विकास गर्नु कृषि वैज्ञानिकको चुनौतीको काम हो यसको सामना गर्न उनीहरू अघि बढ्नुपर्छ., राज्यले सबै प्रकारको सहयोग जुटाइदिनुपर्छ।

यहाँ मैले मुख्य रूपमा खाद्यान्नमा जोड दिएको छ। खाद्यान्नसँगै फलफूल, तरकारी, पशुपन्छी, माछा, दलहन, तेलहन र कृषिमा आधारित उद्योगका लागि कच्चापदार्थ उत्पादनलाई पनि एकसाथ अघि बढाउनुपर्छ। सबै किसिमको कृषिकर्म र कृषि उत्पादन एकआपसमा जोडिएका हुन्छन्। सबै किसिमका कृषि उत्पादन अभिवृद्धिका लागि राज्यले एकीकृत कार्यक्रम चलाउनुपर्छ। राज्यले कृषकका लागि सहज ढंगले र मर्का नपर्ने गरी कृषि ऋण उपलब्ध गराउनुपर्छ। कृषि पेसालाई सम्मानित बनाउन आवश्यक सबै नीति, रणनीति र कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ। चक्लाबन्दी, यान्त्रिकीकरण र सहकारिता अभिवृद्धि गर्दै सुदृढ बनाउनुपर्छ। कृषि प्रणालीमा भूव्यवस्थापन निकै महत्वपूर्ण हुन्छ कृषिभूमि जोगाउन हामीले उचित ढंगले भूव्यवस्थापन गर्न सकेका छैनौं। ठाउँठाउँमा उर्वर जमिन सहरमा परिणत हुँदै छ कृषिभूमि जोगाउन प्रभावकारी भूउपयोग नीति आवश्यक छ। अब कृषि, किसान र जलवायु परिवर्तनको अन्तरसम्बन्ध मिहिन ढंगले केलाउँदै जानुपर्छ। यसमा नीति, वैज्ञानिक प्रयोग, अनुसन्धानलगायतमा अनुकूल सुधार गर्दै जानु आवश्यक छ हाम्रो नीति र प्रविधिमार्फत अन्तर्राष्ट्रिय सहयोग किसानसम्म पुर्‍याउनुपर्छ।

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।